म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्षः१६ अङ्कः- ९७ २०८१ फागुन १२ गते सोमबार 24 February 2025, Monday - पृष्ठ ४ मूल्य रू. ५/-




## हेटौंडा उपमहानगर प्रमुख स्वदेश फिर्ता

# नगरप्रमुख लामाले अष्ट्रिया भ्रमणबारे जानकारी दिन चाहिनन्



*अष्ट्रिया भ्रमणबाट फर्कनुभएकी नगरप्रमुख लामा आइतबार हेटौंडा--१४ मा एक साता गुफा बसेका झाँक्री गुफा निक्लने कार्यक्रममा सहभागी हुनुहुँदै ।*

समाज संवाददाता

हेटौंडा : हेटौंडा उपमहानगर पालिकाकी प्रमुख मीना कुमारी लामा एक साताको अष्ट्रियाको भ्रमण सकेर शनिबार स्वादेश फर्कनुभएको छ। गत आइतबार अष्ट्रियाको भियनास्थित इन्सब्रुक विश्वविद्यालयमा आयोजित सह-अन्वेषणसम्बन्धी परियोजना कार्यशाला तथा सञ्जालीकरणको बैठकमा सहभागी हुन जानुभएकी नगरप्रमुख लामा आइतबार देखि नियमित काममा व्यस्त हुनुहुन्छ ।

आइतबार नियमित काममा फर्कनुभएकी नगरप्रमुख लामालाई अष्ट्रिया भ्रमणको सन्दर्भमा बुझ्न खोज्दा उहाँ बोल्न चाहनु भएन । आफू कार्यक्रममा व्यस्त रहेको र केही बताउन नचाहेको नगरप्रमुख लामाले बताउनुभयो । नगर प्रमुख अष्ट्रिया भ्रमण जाँदै गर्दा र फर्केर आइसक्दा पनि नगरप्रमुखको भ्रमणको विषयमा हेटौंडा उपमहानगरपालिकाको कार्यालय र नगरप्रमुखको निजी सचिवालयले कुनै किसिमको औपचारिक जानकारी गराएको छैन ।

यसअघिका भ्रमणमा पनि उपमहानगरले नगरप्रमुखको भ्रमणको जानकारी गराउने गरेको छैन। नगरप्रमुख लामाले यसअघि करिब आधा दर्जन मुलुकको भ्रमण गरिसक्नुभएको छ । नगरप्रमुखको वैदेशिक भ्रमणबाट उपमहानगरले के कस्ता लाभ हासिल गऱ्यो भन्ने विषय पनि यकिन हुन सकेको छैन ।

अष्ट्रिया भ्रमणबाट फर्कनुभएकी नगरप्रमुख लामा आइतबार हेटौंडा-१४ मा एक साता गुफा बसेका झाँक्री गुफा निक्लने कार्यक्रममा सहभागी हुनुभएको छ। नगरप्रमुख लामाले गुफा बसेका १० जना झाँक्रीलाई पोशाक प्रदान गर्नुभएको नगरप्रमुखको सचिवालयले जनाएको छ। यस्तै उहाँ हेटौंडा-७ स्थित तासिर इंग्लिस सेकेण्डरी स्कूलको वार्षिकोत्सव तथा अभिभावक दिवस कार्यक्रममा पनि सहभागी हुनुभएको छ ।

## मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान

# शिक्षाध्यक्षमा प्रा. डा. लम्साल नियुक्त



*प्रा.डा. लम्साललाई शिक्षाध्यक्षको नियुक्तिपत्र प्रदान गर्नुहुँदै मन्त्री खड्गी ।*

समाज संवाददाता

हेटौंडा : मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको शिक्षाध्यक्ष पदमा प्रा.डा. दिनेश कुमार लम्साल नियुक्त हुनुभएको छ । आइतबार प्रा.डा. लम्साललाई ४ वर्षे कार्यकालका लागि शिक्षाध्यक्ष नियुक्त गरिएको हो ।

बागमती प्रदेश सरकारकी सामाजिक विकास मन्त्री हरिप्रभा खड्गीले शिक्षाध्यक्ष पदमा प्रा. डा. लम्साललाई नियुक्त गर्नुभएको हो। प्रदेशमा स्वास्थ्य मन्त्रालय रहेपनि कानून संशोधन नहुँदा उक्त मन्त्रालयले अधिकार पाउन सकेको छैन। जसका कारण स्वास्थ्य मन्त्रीले नियुक्त गर्नुपर्ने शिक्षाध्यक्ष सामाजिक विकास मन्त्रालय मार्फत् गरिएको हो ।

प्रा.डा. लम्साललाई मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन २०७६ को दफा १९ उपदफ (१) अनुसार शिक्षाध्यक्ष पदमा नियुक्त गरिएको हो । गत वैशाख २०८१ मा मात्र राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानको डिनमा नियुक्त हुनुभएका उहाँलाई मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा नियुक्त गरिएको हो ।

इमर्जेन्सी तथा फेमिली मेडिसिनका विशेषज्ञ रहनुभएका लम्साल नेपाल स्वास्थ्य अनुसन्धान परिषद्को नैतिक पुनरावलोकन समिति सदस्य समेत भइसक्नुभएको छ । सिभिल अस्पतालमा १५ वर्ष काम गर्नुभएका लम्साल यसअघि बीर अस्पतालमा ७ वर्ष प्राध्यापन गर्नुभएको थियो। प्रतिष्ठानका शिक्षाध्यक्ष डा. सुरेन्द्र शेरचनले राजिनामा दिनुभएपछि शिक्षाध्यक्ष पद रिक्त रहेको थियो ।

## गाँजासहित हटियाबाट घिसिङ पक्राउ

# लागूऔषध मुद्दामा फरार शुभराज पक्राउ

समाज संवाददाता

हेटौंडा : मकवानपुर प्रहरीले अवैध लागूऔषध गाँजासहित हेटौंडा-१७, हटियाबाट ५३ वर्षीय सोमबहादुर घिसिङलाई पक्राउ गरेको छ। शुक्रबार दिउसो १ बजेर १० मिनेटको समयमा घिसिङलाई २ किलो २९० ग्राम गाँजासहित पक्राउ गरेको प्रहरीले जनाएको छ।

मकवानपुरगढी गाउँपालिका-८ का घिसिङलाई मकवानपुर जिल्ला अदालतबाट ७ दिनको म्याद थप गरी हिरासतमै राखेर प्रहरीले अनुसन्धान गरिरहेको जनाएको छ । यस्तै प्रहरीले लागूऔषध मुद्दामा दोषी ठहर भई फरार रहेको मकवानपुरको राक्सिराङ गाउँपालिका-३ का सपराज भन्ने शुभराज मुक्तानलाई पक्राउ गरेको जनाएको छ । जिल्ला अदालत मकवानपुरले लागूऔषध गाँजा मुद्दामा दोषी ठहर गर्दै शुभराजलाई ११ महिना २ दिन कैद सजाय तोकेको छ। प्रहरीले शुभराजलाई पक्राउ गरी जिल्ला अदालतमा पेश गरेको जनाएको छ।

# ८ वटा पालिकासँग सीपमूलक तालिम कार्यान्वयनका लागि सम्झौता

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशको सामाजिक विकास मन्त्रालयको आयोजनामा छोटो अवधिका सीपमूलक तालिम कार्यान्वयनका लागि अभिमुखीकरण तथा सम्झौता कार्यक्रम भएको छ। आइतबार मन्त्रालयको सभाहलमा तालिम कार्यक्रम कार्यान्वयनका लागि सम्झौता भएको हो ।

कार्यक्रममा राक्सिराङ गाउँपालिका, तादी गाउँपालिका, किस्पाङ गाउँपालिका, म्यागङ गाउँपालिका, तामाकोशी गाउँपालिका, मनहरी गाउँपालिका, जुगल गाउँपालिका र बकैया गाउँपालिकासँग सीममूलक तालिम कार्यक्रम कार्यान्वयनका लागि सम्झौता गरिएको छ। सम्झौतापछि तादी गाउँपालिकाका अध्यक्ष सन्तमान तामाङले प्रदेशको १३ जिल्लाबाट रोजगारपूर्ण तालिम सिर्जना कार्यक्रम गरिएको बताउनुभएको छ। स्थानीय तहमा युवाको अभाव भएको कुरालाई उहाँले जीकिर गर्नुभयो । संघ, प्रदेश र स्थानीय तहले अधिकार दिए पनि अधिकारको बाँडफाँड गर्ने काम नभएको उहाँले बताउनुभयो ।

शिक्षा, कृषि र स्वास्थ्य क्षेत्रमा तालिम प्रवाह गर्ने मौका भएकाले कार्यक्रम सञ्चालन गर्दा प्रयोगमा आउनेगरी सञ्चालन गर्न आवश्यक रहेको उहाँले बताउनुभयो। कानुनी कार्यविधि बनाएर काम गर्न आवश्यक रहेको उहाँले बताउनुभयो । देशमा रहेको ७ सय ५३ स्थानीय सरकार युवाविहीन भएको उहाँले बताउनुभयो । युवालाई टिकाउनका लागि रचनात्मक क्रियाकलाप गर्न आवश्यक रहेको उहाँले बताउनुभयो । तालिम प्रदान गरेपछि प्रशिक्षार्थीलाई प्रशिक्षक बन्नसक्ने खालको दक्षता प्रदान गर्न आवश्यक रहेको उहाँले बताउनुभयो ।

सामाजिक विकास मन्त्रालयका सचिव बद्रीनाथ गैह्रेले प्राविधिक शिक्षा र तालिमको पहुँच वृद्धि गर्ने उद्देश्य लिएको बताउनुभयो। स्थानीय तहसँग साझेदारी गर्न आवश्यक रहेको उहाँले बताउनुभयो। उहाँले सो कार्य गरेमा कार्यक्रममा दोहोरोपन नहुने बताउनुभयो। तालिम धेरै भए पनि प्रभावकारी नभएको उहाँले बताउनुभयो ।

कार्यक्रमको उद्घाटन गर्नुहुँदै सामाजिक विकासमन्त्री हरिप्रभा खड्गी श्रेष्ठले सीपमूलक तालिम सञ्चालन गर्नका लागि पर्याप्त बजेट छुट्याउनुपर्ने बताउनुभयो । युवा शक्तिलाई विदेश पलायनबाट रोक्न कसरी लाग्ने भन्ने कुरा बुझ्न जरुरी रहेको उहाँले बताउनुभयो । स्थानीय समुदायमा गुणस्तरीय शिक्षालाई अगाडि बढाउन सबै लाग्न आवश्यक रहेको उहाँको भनाइ छ। प्रविधियुक्त शिक्षा प्रदान गरेर शिक्षासँग उद्योग, कृषिलगायतलाई जोड्न आवश्यक रहेको उहाँले बताउनुभयो ।

प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम परिषद्का प्रमुख कार्यकारी निर्देशक शान्ति लामाको सभाध्यक्षमा कार्यक्रम भएको हो ।

हार्दिक बधाई



२०८१ साल फागुन १० गते शनिबार भक्तपुरमा सम्पन्न **नेपाल तेक्वान्दो संघ बागमती प्रदेश समितिको तेस्रो वार्षिक साधारणसभामा** नेपाल तेक्वान्दो संघ जिल्ला कार्यसमिति मकवानपुरका अध्यक्ष आदरणीय **लालकाजी रत्न बज्राचार्य** प्रदेशका १३ जिल्लामध्ये उत्कृष्ट जिल्ला अध्यक्षको रुपमा सम्मानित हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै आगामी दिनमा पनि निरन्तर उत्कृष्ट कार्य गर्न सफलताको शुभकामनाका व्यक्त गर्दछौं ।

**नेपाल तेक्वान्दो संघ मकवानपुर जिल्ला कार्यसमिति परिवार**

**हेटौंडा, मकवानपुर**

हार्दिक बधाई



२०८१ साल फागुन १० गते शनिबार भक्तपुरमा सम्पन्न **नेपाल तेक्वान्दो संघ बागमती प्रदेश समितिको तेस्रो वार्षिक साधारणसभामा** नेपाल तेक्वान्दो संघ जिल्ला कार्यसमिति मकवानपुरका अध्यक्ष तथा यस होराइजन अटो प्रालिका सञ्चालक मेरो प्रिय **भाइ लालकाजी रत्न बज्राचार्य** प्रदेशका १३ जिल्लामध्ये उत्कृष्ट जिल्ला अध्यक्षको रुपमा सम्मानित भएकोमा हार्दिक बधाई ज्ञापन गर्दै आगामी दिनमा पनि निरन्तर उत्कृष्ट कार्य गर्न सफलताको शुभकामनाका व्यक्त गर्दछौं ।

**राजुकाजी रत्न बज्राचार्य, सञ्चालक**

**एवम् होराइजन अटो प्रालि परिवार**

**हेटौंडा-१०, टिसिएनरोड**



हेटौंडा आईडल

शिवम् सिमेन्ट
असली OPC सिमेन्ट
SINCE 2003

स्ट्रेन्ज पार्टनरः शिवम् सिमेन्ट
"Quality संगैं समयमै Delivery को मामलामा पनि No Compromise"

शोभायात्राः
मितिः२०८१ फागुन ६ गते
समयः बिहान १०:३० बजे

CONSTRUCTION EXPO-2

दोस्रो राष्ट्रिय निर्माण तथा ब्यापार महोत्सव-२०८१

फागुन २०८१ फागुन ६ गतेदेखि १८ गतेसम्म

**स्थान** : हेटौंडा-१०, टिसिएन चौर ।

आयोजक : निर्माण व्यवसायी संघ, मकवानपुर । सम्पर्कः ०५७-५२०८१६

महोत्सवका आकर्षणहरु

- निर्माण उपकरण तथा सामग्रीहरुको प्रदर्शनी एवम् बिक्री ।
- बहुराष्ट्रिय कम्पनीहरुको उत्पादनको प्रदर्शनी एवम् बिक्री ।
- सूचना प्रविधि प्रदर्शनी ।
- कृषि उत्पादनको प्रदर्शनी तथा कृषि प्रतियोगिता ।
- दैनिक राष्ट्रिय/स्थानीय कलाकारहरुको प्रश्तुती ।
- शैक्षिक, घरजग्गा, अटो तथा खाना महोत्सव ।
- मनोरञ्जनात्मक बाल उद्यान ।
- नविनतम उपकरणहरुको प्रदर्शनी ।
- नयां/नौलो प्रविधिको प्रदर्शनी ।

## सम्पादकीय

# भ्रष्टाचार चिन्ताजनक बन्दै

नेपाल दशकौंदेखि भ्रष्टाचारब्याप्त मुलुकको सूचीमा परिरहेको छ । ट्रान्सपरेन्सी इन्टरनेशनलले केही दिनअघि सार्वजनिक गरेको भ्रष्टाचार अवधारणा सूचकाङ्क (सिपीआई)-२०२४ ले नेपालमा भ्रष्टाचार व्यापक रहेको देखाएको छ । १८० देश सम्मिलित यस सूचकाङ्कमा नेपालले १०० मा ३४ अंक प्राप्त गरेर १०७ औं स्थानमा परेको छ । सिपीआई २०२३ मा नेपालले ३५ अंक पाएको थियो । यस सूचकाङ्कमा १०० अङ्कले अति स्वच्छ र ० अङ्कले अति भ्रष्ट जनाउँदछ । विश्वका देशहरुको औसत अंक ४३ रहेको अवस्थामा नेपालको भ्रष्टाचारको अवस्था चिन्ताजनक देखिएको छ । यता, फ्रान्सको राजधानी पेरिसमा शुक्रबार सम्पन्न फाइनान्सियल एक्सन टास्क फोर्स (एफएटीएफ)को प्लेनरी तथा वर्किङ ग्रुप बैठकले नेपाललाई सम्पत्ति शुद्धीकरण तथा आतंकबादी लगानीको जोखिमपूर्ण सूची (ग्रे) लिस्टमा राखेको छ । यस्ता तथ्यले नेपालमा भ्रष्टाचार विरुद्ध प्रभावकारी रुपले काम-कारबाही अगाडि बढाउन अत्यन्त जरुरी भएको देखिन्छ ।

सिपीआई-२०२४ अनुसार नेपालले गत वर्षभन्दा एक अंक कम ल्याएर भ्रष्टाचार कम गर्न नसकेको देखाएको छ । भ्रष्टाचारविरुद्ध अन्तर्राष्ट्रिय पहरेदार मानिने ट्रान्सपरेन्सीको यो सूचकाङ्कले नेपालको छवि "खराब र भ्रष्ट"को रुपमा विश्वभर प्रवाहित गराएको छ । यस सूचकाङ्कअनुसार ५० भन्दा कम अंक ल्याउनेलाई भ्रष्ट मुलुक र ३० अंकभन्दा कम ल्याउनेलाई भ्रष्टाचारब्याप्त मुलुकको रुपमा चिनाउँदछ । सूचीको १०७ औं नम्बरमा रहेको नेपालभन्दा कम भ्रष्टाचार हुने देश १०६ वटा छन् भने नेपालभन्दा बढी भ्रष्टाचार हुने देश ७३ वटा छन् । दक्षिण एसियामा नेपालभन्दा कम भ्रष्टाचार हुने सूचीमा भुटान, भारत र माल्दिभ्स छन् भने नेपालभन्दा बढी भ्रष्टाचार हुने सूचीमा क्रमशः श्रीलंका, पाकिस्तान, बंगलादेश र अफगानिस्तान छन् । विश्व बैङ्क, वर्ल्ड इकोनोमिक फोरम, ग्लोबल सनसाइटलगायत विभिन्न अन्तर्राष्ट्रिय संस्थाको सर्वेक्षण र तथ्यांकबाट सरकारले गरेका निर्णय, स्रोतसाधनको प्रयोग, जवाफदेहिता, सार्वजनिक सेवा, कर भुक्तानी, ठेक्का-पट्टा र न्यायिक निर्णय, दैनिक काममा घूस र भ्रष्टाचारको जोखिमलगायत विषयको आधारमा यो सूचकाङ्क तयार गर्ने गरिएको छ ।

भ्रष्टाचार रोकथामका लागि प्रभावकारी काम हुन नसकेको नेपाललाई दोस्रोपटक सम्पत्ति शुद्धीकरण तथा आतंकवादी गतिविधिमा लगानी सम्बन्धी ग्रे लिस्टमा राखिनु अर्को चिन्ताको विषय बनेको छ । फाइनान्सियल एक्सन टास्क फोर्स (एफएटीएफ) सम्पत्ति शुद्धीकरण तथा आतंकवादी गतिविधमा लगानी रोक्न विश्वका मुलुकहरु सम्मिलित साझा अन्तरसरकारी निकाय हो । यसले सम्पत्ति शुद्धीकरणको जोखिममा रहेका मुलुकलाई ब्ल्याक लिस्ट तथा ग्रे लिस्टमा राख्ने काम गर्दछ । दुई वर्षअघि फाइनान्सियल एक्सन टास्क फोर्स (एफएटीएफ)को एसिया प्यासिफिक ग्रुप (एपीजी) को पारस्परिक मूल्यांकन प्रतिवेदन (एमईआर)ले दिएका सुझाव कार्यान्वयनमा अपेक्षित प्रगति नभएपछि नेपाल पुनः ग्रे लिस्टमा परेको बताइएको छ । नेपालले आफ्नो अवस्था सुधार्न नसके भविष्यमा ब्ल्याक लिस्टमा पर्ने जोखिम बढेको छ ।

नेपालमा अमेरिकी सहयोग नियोग (युएसएड)बाट आएको पैसाको ब्यापक दुरुपयोग भएको भन्दै अमेरिकाले सबैखाले अनुदान रोक्का गरेको अवस्थामा ट्रान्सपरेन्सीको प्रतिवेदन र एफएटीएको निर्णयले मुलुकको नकारात्मक छवि थप उजागर गरेको छ । ट्रान्सपरेन्सीको सिपीआई प्रतिवेदनलाई विश्वले नै विश्वसनीय मान्दछ भने एफएटीए अन्तरसरकारी निकाय हो । यिनै निकायको प्रतिवेदन र निर्णयकै आधारमा दातृ राष्ट्रले नेपालमा सहयोग राशि बढाउने, घटाउनेदेखि विदेशी लगानीकर्ताले आफ्नो लगानीको मात्रा तय गर्ने गर्दछन् । इमानदार लगानीकर्ताहरु भ्रष्ट मुलुकमा प्रवेश गर्न चाहँदैनन् भने असल राष्ट्रहरुले खराब राष्ट्रलाई सहायता प्रवाह गर्ने विषयमा रुचि देखाउँदैनन् । ट्रान्सपरेन्सीको प्रतिवेदन, एफएटीएको निर्णय र अमेरिकी राष्ट्रपतिको आदेशलाई नेपालले गम्भीररुपमा लिएर सबैखाले भ्रष्टाचार र बेथिति अन्त्यका लागि प्रभावकारी कदम चाल्नु आवश्यक छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : दुराशा र महत्वकांक्षाले निराशा मात्र बढ्ला ।
**वृष** : आत्मीय मित्रसँग भावना साटासाट हुने योग छ ।
**मिथुन** : प्रियजनसँग भेटघाटमा समय बित्ला ।
**कर्कट** : सहयोगीहरुले साथ दिने समय योग छ ।
**सिंह** : आपसी र पारिवारीक वेमेलले मन बिचलित होला ।
**कन्या** : पराक्रम बढ्नुका साथै प्रतिष्ठा पनि कमाइएला ।
**तुला** : धनधान्य र प्रतिष्ठा कमाइने समय योग छ ।
**वृश्चिक** : सहकर्मीसँग असमझदारी बढ्न सक्ने योग छ ।
**धनु** : कल्पना र भावनामा रमाइने समय योग छ ।
**मकर** : द्वेष र ईर्ष्या गर्नेहरुले पराजय प्राप्त गर्नेछन् ।
**कुम्भ** : परीक्षा र प्रतियोगितामा सफलता प्राप्त हुने समय छ ।
**मीन** : सफलता प्राप्त गर्ने समय योग रहेको देखिन्छ ।

# राष्ट्रिय गौरवका आयोजनामा देखिएको सुस्तताका कारण



✍सुदर्शन अधिकारी

नेपालमा सर्वप्रथम आर्थिक वर्ष २०६८-६९ मा विभिन्न १७ वटा राष्ट्रिय आयोजना पहिचान गरिएको थियो । त्यसपछि विकासका लागि विभिन्न प्रकारका मोडेलको प्रयोग गरिँदै आएको छ । राज्यले अनेक प्रकारका विकास निर्माणका कार्य गरी आम नागरिकलाई सहज रूपमा जीवनयापन गर्न सकियोस् भन्ने उद्देश्य राखेको हुन्छ । राज्यले यस्ता आयोजनाको निर्माणमार्फत नागरिकलाई सेवा प्रदान गर्ने लक्ष्य राखेको हुन्छ । देशको आर्थिक विकासमा पनि यस्ता आयोजनाको महत्व रहने भएकाले हरेक वर्ष सरकारले बजेटमार्फत राष्ट्रिय गौरवका आयोजनाहरूको घोषणा गर्ने गर्छ । नेपालमा हरेक वर्ष जेठ १५ गते राष्ट्रपतिबाट संसद्को संयुक्त सदनमा नीति तथा कार्यक्रम प्रस्तुत गरिन्छ । यसमार्फत राज्यले गर्ने कार्यक्रमहरूको विवरण पनि प्रस्तुत गरिन्छ ।

देशले गौरव गर्न लायक र ठूलो लगानीमा निर्माण गरिने आयोजनालाई राष्ट्रिय गौरवका आयोजना भनेर परिभाषित गरिएको छ । यस आवमा यस्ता आयोजना २४ करोडको प्रगति अपेक्षित रूपमा हुन सकेको छैन । राज्यले आवश्यक स्रोतसाधनको उपलब्धता गराएर पनि सन्तोषजनक काम नभएको अवस्था छ । यस्तो हुनुपछाडिका कारण पहिल्याएर त्यसको निराकरण गर्नु जरुरी देखिन्छ । अहिले नेपालमा राष्ट्रिय गौरवका आयोजनाको संख्या २७ छ । चालु आर्थिक वर्षमा १९ वटा आयोजनाका लागि ६६ अर्ब ७५ करोड ३२ लाख बजेट विनियोजन गरेको देखिन्छ । आर्थिक वर्षको ६ महिनाको समयमा १७ अर्ब १५ करोड ३२ लाख रकम खर्च भएको तथ्यांक छ ।

सम्पन्न भइसकेका र काम सुरु नभएका बाहेक आर्थिक वर्ष ०८०-८१ मा ६० अर्ब ३८ करोड ७१ लाख रकम बजेट २४ करोडको विनियोजन गरिएको थियो, जसमध्ये ५४ अर्ब २४ करोड ८ लाख रकम खर्च भएको तथ्यांक अर्थ मन्त्रालयको रहेको देखिन्छ । आयोजनाको भौतिक तथा वित्तीय प्रगति दुवै कम रहेकाले सर्वत्र चिन्ताको विषय बनेको छ । नेपालको काम गर्ने शैलीले आज अन्य सहयोगी तथा दातृ राष्ट्रहरू पनि अब सहयोग गर्न हच्किने अवस्थामा पुगेका छन् । हाम्रो समस्या भनेकै समयभित्र आयोजनाको काम सम्पन्न नहुनु हो ।

अर्थ मन्त्रालयले सार्वजनिक गरेको बजेटको अर्धवार्षिक मूल्यांकन प्रतिवेदनअनुसार कुल विनियोजित रकमको जम्मा ३५.८९ प्रतिशत मात्र खर्च भएको छ । यस अवस्थाबाट बाहिर आएर समयमा आयोजनाका कार्य सम्पादन गर्न सरकारले बजेट प्रणालीलाई सुधार गर्ने भएको छ । बजेट प्रणालीलाई व्यवस्थित गरी सार्वजनिक खर्चमा समेत एकरूपता कायम गर्न कार्य सञ्चालन निर्देशिका, २०८१ तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको अर्थ मन्त्रालयले जनाएको छ । राष्ट्रिय गौरवका आयोजना निर्धारित समयमा समापन गर्न नसक्नुका अनेकौं कारण छन् ।

आवश्यकता पहिचानमा समस्याः राष्ट्रिय गौरवका आयोजनामा ठूलो रकम खर्च हुने भएकाले यसको आवश्यकता हो कि होइन, पहिले त्यसको पहिचान हुनुपर्छ । यदि गौरवका आयोजना नभए पनि हुने अवस्था छ भने अर्बौं रकम खर्च गरी राज्यले ऋणको भारी बढाउनु पनि हुँदैन । यसले बजेटको मात्र खेर नभई समय, स्रोतसाधन, वातावरण आदिको पनि क्षय हुन्छ । तसर्थ, हाम्रो आवश्यकता पहिचानमा सर्वप्रथम ध्यान पुग्नुपर्छ । यसमा पनि राजनीतिक स्वार्थ नै जोडिएर आएको हुन्छ । यसको ज्वलन्त उदाहरण पोखराको अन्तर्राष्ट्रिय विमानस्थल पर्याप्त हुन्छ । यस्ता विषयमा प्रारम्भमा नै विशेष प्राविधिक अध्ययन गरिनुपर्छ ।

वातावरणमैत्री विकास नीतिको अभावः विकास भनेको सकारात्मक परिवर्तन हो । तसर्थ, विकासका कार्यले नकारात्मक असर पार्नु भएन भन्ने मान्यता रहेको हुन्छ । यसको मूल मर्म पनि यही नै हो । सकारात्मक रूपले वातावरण संरक्षण गर्दै स्रोतसाधनको भावी पुस्ताले पनि प्रयोग गर्न पाउने गरी विकास आयोजनाका काम गर्नुपर्ने मान्यता दिगो विकासको रहेको सन्दर्भ पनि हामीले भुल्नु हुँदैन । त्यति मात्र नभएर पानीको मुहान, खनिजजन्य पदार्थ, जडीबुटी आदिको पनि विनाश हुन जान्छ । अझै जैविक विविधताको समेत विनाश हुने भएकाले यसलाई जोगाएर मात्र विकास आयोजनाको काम सम्पन्न गर्ने मार्गमा जानुपर्छ ।

राजनीतिक अस्थिरताः नेपालमा कुनै पनि आयोजनाको कार्य समयमै सम्पन्न हुन सकेका छैनन् । यसको प्रमुख कारण राजनीतिक अस्थिरता नै रहेको देखिन्छ । हाम्रो देशको राजनीतिक इतिहासमा पाँच वर्ष नै एकमना सरकारमा रहेर सत्ता चलाएको देखिँदैन । संसद्को बनोट पनि त्यस्तै बनाइएको छ । एउटै दलले स्पष्ट बहुमत ल्याएर सरकार गठन गर्ने अवस्था पनि छैन । समानुपातिक निर्वाचन प्रणाली पनि मर्मअनुसार प्रयोग भएको देखिँदैन । नेपालको सविधान, २०७२ अनुसार सदर मतको ३ प्रतिशत मत ल्याउन सकेमा मात्र राष्ट्रिय दलको मान्यता पाउने व्यवस्था गरिएको छ ।

बजेटको अभावः राष्ट्रिय गौरवका आयोजनाको निर्माणका लागि अर्बौं रकमको आवश्यकता रहन्छ । तर, त्यसको तर्जुमा गर्न राज्यलाई ज्यादै कठिन भइरहेको अवस्था छ । यसको खास कारण भनेको चालु खर्च वृद्धि, पुँजीगत खर्च कम र व्यापार घाटा पनि ज्यादा भएकाले थप समस्या आएको देखिन्छ । व्यपार घाटाका कारण दैनिक उपभोग्य वस्तुको खरिदमा नै धेरै रकमको खर्च हुने गर्छ, जसका कारण गौरवका आयोजनाका लागि रकमको अपुग हुन्छ । हरेक देशको आम्दानीको अर्को स्रोत भनेको राजस्व हो । हाम्रो राजस्व पनि लक्ष्यअनुसार उठ्न सकेको छैन । आयात ज्यादा र निर्यात कम भएकाले गौरवका आयोजनाका लागि बजेटको अभाव रहन गएको छ । यसको समाधानका लागि कर नीतिमा पनि लचकताको आवश्यकता रहेको देखिन्छ । व्यवस्थित कर प्रणालीको अवलम्बन गरी एउटै प्रयोजनमा पनि पटक-पटक कर लिने कार्यले आम नागरिक मारमा परेको देखिन्छ ।

बढ्दो भ्रष्टाचारः नेपालको विकास आयोजना तथा अन्य हरेक काममा भ्रष्टाचारका कारण समयको बर्बादी हुने गरेको तीतो सत्य हामी सबैले अनुभूति गरेका नै छौं । गौरवका आयोजनामा पनि व्यापक मात्रमा भ्रष्टाचार रहेको देखिन्छ । आयोजनाको टेन्डर वा प्रविधिक परीक्षणको क्रमदेखि नै भ्रष्टाचारको थालनी हुने गरेको गुनासो सर्वत्र रहेको छ । यसले गर्दा समयमा नै गौरवका आयोजनाहरु सम्पन्न हुँदैनन् । समयमा विकास निर्माणका काम नसक्दा त्यसले पार्ने असर भनेको आयोजनाको लागत वृद्धि हुन्छ । लागत बढ्नु भनेको आम नागरिकलाई ऋणको भार थपिनु पनि हो । त्यतिमात्र नभएर आयोजनाबाट प्राप्त हुने सेवा लिन पनि पाउने अवस्था रहँदैन । यसले चौतर्फी हानि मात्र हुन्छ । नागरिकले सामना गर्ने हैरानी र असहजताको मूल्यको त लेखाजोखा नै गरिँदैन ।

बढ्दो दण्डहीनताः राष्ट्रिय गौरवका आयोजनाको विभिन्न चरणका काममा एउटा समयसीमा निर्धारण गरिएको हुन्छ । समयसीमाभित्र आयोजनाको काम सम्पन्न नगर्ने कम्पनी वा ठेकेदारलाई प्रभावकारी रूपले कारबाही गर्ने परिपाटीको विकास गर्न नसक्दा पनि समयमा गौरवका आयोजनाको काम सम्पन्न गर्न विलम्ब हुने गरेको छ । कालोसूचीमा कम्पनीलाई राख्ने गरेको भए पनि त्यसले कुनै प्रतिफल दिएको देखिँदैन । यस कारण आयोजनाको काम तोकिएको भन्दा दोब्बर समय लाग्ने गरेको छ । यस्तो अवस्था आउनु कुनै पनि दृष्टिले सकारात्मक होइन ।

स्थानीयको अवरोधः राष्ट्रिय गौरवका आयोजनास्थलमा स्थानीय नागरिकले पटक-पटक अवरोध सिर्जना गर्ने गरेका छन्, जसका कारण आयोजनाको काममा सुस्तता आउने गरेका अनेकौं दृष्टान्त छन् । राज्यले उचित मुआब्जा तथा अन्य आवश्यक क्षतिपूर्तिको वितरण गरेपछि पनि विभिन्न बहानामा काममा अवरोध सिर्जना गरिने अवस्था आउन दिनु हुँदैन । यसमा सबैको भूमिका सकारात्मक र सहयोगी बन्नुपर्छ, तबमात्र समयमै आयोजनाको काम सम्पन्न गर्न सकिन्छ । प्रभावित क्षेत्रका नागरिकको सहयोग उच्च महत्वको रहेको हुन्छ ।


दृढ इच्छाशक्तिको अभावः सरकारले यस्ता गौरवका आयोजनाको काम समयमा सम्पन्न गर्न दृढ इच्छाशक्तिको पनि अहम् भूमिका रहेको हुन्छ । सबै निकाय र सरोकारवालाहरूलाई सहमतिमा ल्याउने काम पनि राज्यको नै हो । तसर्थ माथि उल्लेख गरिएका विभिन्न पक्षका बारेमा पनि सरकारले नै जिम्मेवार भएर कार्यक्षेत्रमा उत्रनुपर्ने हुन्छ । ठोस योजनाका साथ प्रभावकारी रूपले निश्चित समयमा काम गर्नैपर्छ, अन्यथा राज्य र नागरिकले ठूलो क्षति वहन गर्न बाध्य हुनुपर्छ भन्नेमा गम्भीर बन्न सक्नुपर्छ ।

सरल नीति निर्माणको अभावः सरकारले गौरवका आयोजना सरल रूपमा र पारदर्शी ढंगले तोकिएको समयसीमाभित्र नै सम्पन्न गर्नका लागि झन्झटिलो र प्रक्रियामुखी बनाउँदा जटिलता थपिएको गुनासो ठेकेदार र कम्पनीका व्यक्तिहरूबाट आइरहेका छन् । यसको अन्त्य गर्न आवश्यक नियम-कानुन र नीतिसमेत बनाउन अग्रसरता देखाउनुपर्छ, जसले आयोजनाको काम सहज रूपमा समयभित्र नै समापन गर्न सकियोस् ।

यसरी हाम्रो राष्ट्रिय गौरवका आयोजनामा राज्यको ठूलो लगानी भएको छ, तर त्यसको प्रतिफल आउन लामो समय पर्खनुपर्ने बाध्ताबाट मुक्त हुनका लागि स्रोत जुटाउनेतर्फ पनि प्रभावकारी पहलको खाँचो देखिन्छ । हाल सार्वजनिक ऋणको साँवाब्याज भुक्तानीमा समेत समस्या देखएको अवस्था छ । लगानीमैत्री वातावरणको सिर्जना र लगानी प्रतिबद्धता गरिएअनुसार किन आउन सकेन भन्नेतर्फ पनि विशेष ध्यान दिन जरुरी भएको छ ।

*(स्रोतः कारोबारदैनिक)*

# राजनीतिक रूपमा जो संरक्षित छन्, तिनीहरूमा बदमासी बढी छ



✍हेमन्त मल्ल ठकुरी

समाजकै प्रतिबिम्ब प्रहरीमा पनि पाइन्छ । आर्मी होस् वा सरकारी निकाय, त्यहाँ समाजको प्रभाव भेटिन्छ । अर्को समस्या, अहिले चरम राजनीतीकरण छ । जसका कारण सुरक्षा निकायमा आशीर्वाद दिने वा पिक गरेर प्रमोट गर्नेतिर लागेका छन् । राजनीतिसँग जोडिएका व्यक्तिहरूले गलत गरे पनि एक किसिमले प्रमोसन र प्रोटेक्सन पाइरहेका छन् ।

अर्को समस्या, प्रहरीभित्र पनि मोलाहिजा प्रवृत्ति छ । आफ्नो ब्याचमेट, आफूसँग काम गरेको, गाउँघरको वा नाता पर्नेहरूमा मोलाहिजा हुने गरेको छ । आफूनिकटलाई कारबाहीबाट जोगाएर विभागभित्रैबाट मोलाहिजा भइरहेको छ ।

अहिलेका आईजीपीले सार्वजनिक कार्यक्रममा एक डीआईजीको खातामा धेरै रकम देखियो काठमाडौं फर्केर कारबाही गर्छु भन्नुभयो, तर सक्नुभएन । विभागबाट यस्ता कुरा पटक-पटक आएका छन्, तर एक ठाउँमा पुगेर रोकिन्छ ।

कारबाही प्रक्रिया बढ्दा दबाब र मोलाहिजाका कारण बर्दीमा बदमासी बढेको देखिन्छ । राजनीतिक रूपमा जो संरक्षित छन्, तिनीहरूमा बदमासी बढी छ । माथिल्लो तहबाटै प्रोटेक्सन पाएपछि विभागले केही पनि गर्न सक्दैन ।

तालिम त दिइन्छ, तर यसले सबै सिकाएको हुँदैन । तालिमले पुलिस बनाउँछ, पुलिसिङलाई तयार बनाउँछ । प्रहरी जनतासँग छ, जनातामा हुनासाथ गुण र दोष देखिन्छ । समाजबाट राम्रा र नराम्रा दुवै कुरा लिने अवस्था हुन्छ । समाजको दबाब र प्रभाव पर्छ । त्यसैले तालिमले मात्र ठिक हुँदैन । प्रहरीमा भ्रष्टाचार र व्यवहारका इस्युमा लगातार समस्या आउँछ । जबसम्म हाम्रो राजनीतिक नेतृत्वले सुपरीवेक्षण र रेखदेखमा कन्ट्रोल गर्दैन, तबसम्म यस्ता घटनाले झन् प्रश्रय पाउँदै जान्छ ।

### कमजोर रेखदेख र नियन्त्रण

प्रहरीमा रेखेदख र नियन्त्रण पक्ष कमजोर छ । प्रहरी महानिरीक्षकको अफिसमातहत प्रहरीलाई निगरानी गर्ने, अख्तियार दुरुपयोग गरेको हेर्ने शाखा छ । त्यसको पनि फ्रिक्वेन्सी कम भयो कि ? म सेवामा रहँदा आईजीपीहरुले प्रदेश, जिल्ला र थानाहरुमा टोलीहरु पठाइरहन्थे । त्यसमा पनि कमी आएको हो कि ?

...बाँकी पृष्ठ ३ मा

# हेटौंडामा एभरेष्ट बिरयानीको सेवा सुरु




समाज संवाददाता

हेटौंडाः हेटौंडा-४, रजतजयन्ती चोकमा एभरेष्ट बिरयानी होटल खुलेको छ । सेवाग्राहीलाई सुपथ मूल्य र परिवारमैत्री वतावरणमा सेवा दिने उद्देश्यले शुक्रबारबाट सेवा सुरु गरिएको हो ।

भारतको मुरादाबादमा ५ वर्ष काम गरेका अनुभवी सेफले बिरयानी तथा अन्य परिकार तयार पार्ने होटलका सञ्चालक इमरान मन्सुरले जानकारी दिनुभयो । होटलमा मुरादावादी बिरयानी, हैदरावादी बिरयानी, चिकेन दम बिरयानी, स्न्याक्स, रोटीलगायत परिकार पाइने उहाँले बताउनुभयो । बिहान ९ बजेदेखि राति १० बजेसम्म होटलले सेवा दिने मन्सुरले जानकारी दिनुभयो ।

## राजनीतिक रुपमा...

निगरानी, नियन्त्रण र सुपरीवेक्षणका कुराहरुमा कमी-कमजोरी आएको छ कि ? तालिमले मात्रै सबै ठिकठाक हुँदैन । तालिमले शिक्षित गर्ला तर, कडा अनुगमन चाहिन्छ ।

गलत काम गर्नेहरूलाई कारबाहीबाट जोगाउने परिपाटी बढ्दै गइरहेको छ। त्यो झनै बढ्ला । तपाईंले कारबाही गर्नुभएन, काखापाखा गर्नुभो भने विभागभित्र त विरोध नहोला, तर सामाजिक सञ्जालले यी कुरा बाहिर आउँदा नकारात्मकता बढाउँछ । त्यसैले यसमा ध्यान दिन जरुरी छ ।

कमजोर रेखदेख र नियन्त्रणको कमीले ड्युटी गर्नेहरूमा सांस्कृतिक विचलनका घटना पनि देखिन्छन् । अफिसरहरू पनि महिलासँग नाम जोडिएर बदनाम हुने समस्या छ। सुरक्षाकर्मीहरु लामो सयमदेखि परिवारबाहरि छन् । टाढा भएपछि कहीँ न कहीँ गलत सम्बन्धमा फस्ने समस्या हुन्छ । बहुविवाहको घटना पनि छन् । अहिले सर्वोच्चको एउटा फैसलामा बहस भइरहेको छ, त्यो प्रहरीसँगै जोडिएको घटना हो । स्थानीय कमान्डरको प्रत्यक्ष निगरानी नहुँदा र समयमा नियन्त्रण नगर्दा यस्ता समस्या देखिन्छन् ।

### गुण्डा र तस्करसँग 'नेक्सस'

अहिले राजनीति एकदमै अपराधीकरण भएको छ। गुण्डागर्दी गर्नेहरू राजनीतिक पार्टीबाट संरक्षित छन्। पार्टीहरुले गुण्डागर्दी गर्नेहरूको हुल जम्मा पारेको छ। गुण्डासँग नजिक हुँदा अधिकृतहरूलाई दुई वटा फाइदा छ। गुण्डाहरूको नेक्सस पार्टीका माथिल्लो नेतासँग छ, अफिसरहरूले त्यो प्रयोग गर्न खोज्छन् ।

अर्कोचाहिँ फाइनान्सियल बेनिफिट हो । गुण्डाहरूले ठेक्का गर्छन्, डिस्को क्लब चलाउँछन्। त्यसबाट अधिकृतहरुले पनि केही न केही फाइदा लिन्छन्। विभागका अफिसरहरु उनीहरुसँग मिल्ने र राजनीतिक नेतृत्वले संरक्षण गर्ने प्रवृत्ति छ ।

तस्करसँग पनि अधिकृतहरूको 'उठ्बस' हुने गरेको आरोप लाग्ने गरेको हामीले सुनेका छौँ । हाम्रोमा सरकार नै तस्करीप्रेरित छ। ल्वाङ, सुकुमेल, छोकडा, पोसदाना र सुपारीजस्तामा तस्करी भइरहेको छ। नेपालको डिमान्डबारे थाहा हुँदाहुँदै सरकारले त्यस्ता सामग्री तेस्रो मुलुकबाट आयात गर्ने लाइसेन्स दिन्छ। धेरै ल्याएर भारत पठाउने गरिएको विषयमा पनि सरकारलाई थाहा छ। सबैभन्दा पहिले यसमा नियन्त्रण हुनुपर्छ ।

राजनीतीकरणका कारण स्थानीय नेताहरुले आफ्नो स्वार्थअनुसार प्रहरी अधिकृतहरु लैजान्छन् । तस्करीले सिंगो तराई बेल्ट अपराधतर्फ धकेलिएको छ । तस्करी नियन्त्रण गर्न खोज्दा कुटपिट र लुटपाटका घटना हुने गरेका छन्। अधिकृतहरुको स्वार्थ तस्करीमा जोडिँदा त्यसको असर विभागले झेलिरहेको छ ।

### बदमासी नियन्त्रण चुनौती

बर्दीमा हुने बदमासी नियन्त्रण त्यति सहज छैन । प्रहरीको जिम्मेवारी अपराध अनुसन्धान र नियन्त्रण थियो । अहिले अनुसन्धानमा महान्यायाधिवक्ताको कार्यालयले हस्तक्षेप गरेको छ । शान्ति, सुरक्षा प्रजिअको जिम्मेवारीमा छ ।

सुपरीवेक्षण, परिचालन, रेखदेख र नियन्त्रणमा प्रहरीलाई स्वायत्तता दिनुपर्छ। सबैकुरा मन्त्रालयमा राख्दा प्रधान कार्यालय कामकाजी भएन। प्रहरी हेडक्वार्टर कामकाजी नभएपछि राजनीति हाबी हुन्छ । त्यसैले यो समस्या आइरहन्छ ।

ऐनले दिएको अधिकारमा आईजीपीलाई स्वायत्तता दिनुपर्छ । ऐनले आईजीपीलाई एसपीसम्म सरुवा गर्ने अधिकर दिएको छ। तर, आईजीपीले सिपाही पनि चलाउन नसक्ने अवस्था आउँदाको आउटपुट हो अहिलेको अवस्था । स्वायत्तताको अर्थ प्रहरीलाई छाडा छाड्ने होइन, ऐन नियमले दिएको अधिकार आफूले प्रयोग गर्ने हो । पुलिसिङ गर्ने जिम्मा हेडक्वार्टरले जबसम्म पाउँदैन, तबसम्म सोचेजस्तो प्रहरी सेवा हामीले पाउँदैनौं ।

*(हेमन्त मल्ल ठकुरी पूर्वडीआईजी हुन् । स्रोतः रातोपाटी)*


## मनहरी गाउँपालिका,
## गाउँ कार्यपालिकाको कार्यालय,

रजैंया, मकवानपुर

नदिजन्य पदार्थ उत्खन्न तथा निकासी मनहरी खोला प्याकेज-१ (IEE), मनहरी-७ र ८, मकवानपुर, मनहरी खोला प्याकेज-२ (IEE), मनहरी-७ र ८, मकवानपुर, मनहरी खोला प्याकेज-३ (IEE), मनहरी-७ र ८, मकवानपुर, मनहरी खोला प्याकेज-४ (IEE), मनहरी-७ र ८, मकवानपुरको प्रारम्भीक वातावरणीय परीक्षण (IEE)

### सार्वजनिक सूचना

*प्रकाशित मिति : २०८१/११/१२*

मनहरी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, रजैंया, मकवानपुर, बागमती प्रदेशको मकवानपुर जिल्लामा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावको व्यहोरा | नदिजन्य पदार्थ उत्खन्न तथा निकासी मनहरी खोला प्याकेज-१ (IEE), मनहरी-७ र ८, मकवानपुर, मनहरी खोला प्याकेज-२ (IEE), मनहरी-७ र ८, मकवानपुर, मनहरी खोला प्याकेज-३ (IEE), मनहरी-७ र ८, मकवानपुर, मनहरी खोला प्याकेज-४ (IEE), मनहरी-७ र ८, मकवानपुरको प्रारम्भीक वातावरणीय परीक्षण (IEE) |
| प्रस्तावकको नाम र ठेगाना | मनहरी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, रजैंया, मकवानपुर फोन नं. ९८५५०८८३६६ ईमेल : manahharimun@gmail.com |
| प्रभाव पर्न सक्ने जिल्ला/ गाउँपालिका/नगरपालिका/वडा | मनहरी गाउँपालिका, वडा नं. ७ |
| | मनहरी गाउँपालिका, वडा नं. ८ |

"प्रदेश वातावरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७" तथा "प्रदेश वातावरण संरक्षण नियमावली, २०७७" मा व्यवस्था भए बमोजिम माथि उल्लेखित प्रस्तावको प्रारम्भीक वातावरणीय परीक्षण अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणाली बिच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको नगरपालिका/गाउँपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सार्वजनिक सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन यसै सूचनाद्धारा अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाहरू :**


| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | मनहरी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, रजैंया, मकवानपुर फोन नं. ९८५५०८८३६६ ईमेल : manahharimun@gmail.com |
| परामर्शदाताको नाम र ठेगाना | श्री सिस्टमेटीक इन्जिनियरीङ्ग एसोसियट्स कन्सल्टेन्सी प्रा.लि., काठमाण्डौं १४, कलंकी, फोन : ९८५११९८२२८, ईमेल : sea.consultancy.pvt.ltd@gmail.com |


# बालजागृतिका विद्यार्थीको आवाज

BALJAGRITI ENGLISH SECONDARY SCHOOL Hetauda-2

## 'परीक्षा'

**(कृति समीक्षा)**




रिज्मा रिजाल

दुर्गालाल श्रेष्ठद्वारा लिखित एक महत्वपूर्ण कृति हो 'परीक्षा'। जसले समाज र व्यक्तिको मानसिक अवस्था र संघर्षलाई गहिरो दृष्टिकोण प्रस्तुत गरेको छ। यस पुस्तकमा दुर्गालाल श्रेष्ठले व्यक्ति र समाजका बीचमा अन्तरविरोध र त्यस्ता विषम् परिस्थितिहरुलाई चित्रण गरेका छन् । जसले मानिसको जीवन र भविष्यलाई प्रभाव पार्ने गर्छ ।

पुस्तकको मुख्य पात्रका रूपमा रहेका एक युवा विद्यार्थी शिक्षा र जीवनको बीचको असन्तुलनलाई सामना गर्दै अघि बढेको हुन्छ । उसले आफ्नो आन्तरिक संघर्ष समाजका अपेक्षा र सो धर्मसँगको द्वन्द्वको सामना गर्छ। दुर्गालाल श्रेष्ठले यस कृतिमा नेपाली समाजमा विद्यमान शैक्षिक प्रणाली विद्यार्थीको मानसिकता र समाजका व्यवस्थापनसँगको सम्बन्धलाई उजागर गरेका छन् ।

परीक्षा एक अमूल्य जीवनमा केही सिक्ने र सिकाउने पाठ हो । लेखकले शिक्षामा हुने सफलता र असफलताका अर्थलाई नयाँ तरिकाले बुझाएका छन् । लेखकको लेखनीमा गहिरो दार्शनिकता र संवेदनशीलता रहेको पाइन्छ । जसले पाठकलाई जीवनका महत्वपूर्ण पक्षहरूमा सोच्न प्रेरित गर्दछ उनले यस पुस्तकमा शैक्षिक प्रणालीको दबाब र जीवनको अर्थको खोजीमा रहेका पात्रहरूको संघर्षलाई निकै मार्मिक तरिकाले प्रस्तुत गरेका छन् ।

परीक्षा एक अत्यन्तै सोचनीय र मार्मिक पुस्तकको जसले शिक्षा र जीवनका मूल्यहरूको पुनरावलोकन गर्न प्रेरित गर्दछ। काव्यात्मक र मानवीय दृष्टिकोणले संरचित यो पुस्तक लेखकको अमूल्य कृति बन्न पुगेको छ । *कक्षा-८*




जान्वी लम्साल
कक्षा-७

## 'कर्णाली ब्लुज'

**(पुस्तक समीक्षा)**



स्नेहा सिंह

बुद्धिसागरद्वारा लिखित कर्णाली ब्लुज छोराको आँखाबाट पिताको संघर्ष देखाउने उपन्यास हो । सानो हुँदा पितालाई संसारको सबभन्दा ज्ञानी र बलवान ठान्ने छोराले आफ्नो हुर्काईसँगै पिताप्रतिको धारणा फेर्दै जान्छ । उपन्यासको कथा कैलालीको मटेरादेखि कटासे बजार हुँदै सुदूर पहाड कालिकोटसम्म गाँसिएको छ । चन्द्रे ममता दिदी भागीराम जस्ता फरक प्रदेश र समाजका पात्रले उपन्यासको कथा गाँस्दै लगेको छ ११ दिनका ११ भागमा यो कथा बाँडिएको छ ।

कर्णाली ब्लुज प्रसिद्ध नेपाली लेखक बुद्धिसागरको पहिलो कृति हो। उपन्यासले सुदूरपश्चिम प्रदेशका कुराहरुलाई जोडेको छ । यसमा छोराप्रति पिताको संघर्षको बयान गरिएको छ। जसमा पिताले आफ्ना सन्तानलाई हरेक कुरामा खुसी दिएर उत्कृष्ट बनाउन चाहन्छन् । नेपालका पश्चिम तराई र कर्णाली प्रदेशका कालिकोट जस्ता विकट भेगहरूका मानिसहरूको जीवनचक्र राजनीतिक परिवर्तन पश्चात पनि उस्तै रहेको कुरा चित्रण गरिएको छ । यो उपन्यासमा लेखकले त्यहाँका मानिसहरू अवसरका लागि सहर केन्द्रित हुन लागेका कुरा वर्णन गरेका छन्। यहाँ माओवादी द्वन्द्वका बेला हुने कार्यहरू संकटकालका नाममा जनतालाई सरकारका पक्षबाट गरेका दुर्व्यवहारहरूका बारेमा लेखकले आक्रोश पोखेका छन् । मध्यम तथा निम्नवर्गीय परिवारको कथा बोकेको यो उपन्यास नेपाली जनताको प्रतिनिधित्व गर्ने उपन्यास रहेको छ । त्यसैले यो उपन्यास मलाई निकै मनपऱ्यो ।

उपन्यासमा भाषाशैली सरल भए तापनि त्यसमा प्रयोग गरिएको स्थानीय भाषाहरु अन्य पाठक वर्गलाई बुझ्न असहज हुन सक्ने भएकाले तिनको नेपाली रुप पनि दिन सकेको भए अझै राम्रो हुने थियो । हर्षबहादुरका दैनिकी मात्र नभई विभिन्न पक्ष पनि समावेश गर्नुपर्थ्यो । स्रष्टाले सामान्य विषयलाई पनि विशेष अर्थ बनाएर व्यक्त गर्न खोज्छ । यसमा सामान्य घटनालाई पनि शब्दहरूको अधिक प्रयोगले जबर्जस्ती विशेष बनाउन खोजिएको छ । यस उपन्यासमा गाली गर्ने क्रममा अश्लिल शब्दहरूको पनि प्रयोग भएको पाइयो। नेपाली साहित्यमा आफ्नो स्थान ओगट्न सफल कर्णाली प्रदेशका सबै जिल्ला र परिवेश अनि त्यहाँको पर्यटन फलफुल खेतीलाई बढावा गरी आर्थिक प्रगति गरेको परिदृश्य समेत समावेश गरिदिएको भए अझै राम्रो हुन्थ्यो । कृतिले त्यस ठाउँको स्थानीयस्तरमा हुने लैङ्गिक विभेद जातीय विभेदका घटनाहरुलाई समेटेको देखिँदैन ।

केही कमजोरीका बावजुद पनि आफ्ना बुबाले सन्तानप्रति गरेको अथाह मिहिनेत र संघर्षको कथालाई यस उपन्यासले लेख्न सकेकोमा उपन्यास राम्रो बन्न पुगेको छ ।

*कक्षा-८*

## मेरो बाबा



आयुष रौनियार

मेरो बाबा मेरो आधार,
तपाई बिना अधुरो संसार ।
त्याग र मिहिनेतको उज्यालो,
जीवन भएको आशीर्वादको घाम छायो ।

बचपनदेखि हात समाई
सही बाटो हिँड्न सिकाई,
सपना पूरा गर्ने हिम्मत दिनु भयो ।
हरेक पाइलामा साथ दिनु भयो ।

तपाईंको माया गहिरो सागर,
तपाईं नै मेरो महिलो प्रेरणा स्रोत ।
सहारा दिनुहुन्थ आँधीमा पनि,
सधै उभिनुहुन्छ पहाडजस्तै ।

बाबा, तपाईंको न्यानो साथ,
सधै रहोस् मेरो प्रत्येक हात ।
तपाईंको सम्मान सधैँ गरुँ,
जीवनभर तपाईंको नाम उज्यालो छरु ।

*कक्षा-७*

## देवको देव महादेव



सभ्यता कुँवर

ब्रह्मा, विष्णु, महेश मध्ये
महेश भनी चिनिने
देवको देव उनीलाई
महादेव पनि भनिने ॥

हलाहल विष पिई
यस जगतलाई बचाउने
नटराज रुपमा रही
ताण्डव नृत्य रचाउने ॥

शिव, शंकर, भोलेनाथ
हजुरको आराधना गर्छौं
अन्त्यमा आएर हामी
हजुरकै शरण पर्छौं ॥

*कक्षा-७*

# जिल्लास्तरीय शिक्षक भलिबलको उपाधी शारदा माविलाई




*उपाधिसाथ शारदा माध्यमिक विद्यालयको टिम ।*

**समाज संवाददाता**

हेटौंडा : पाँचौं संस्करणको जिल्लास्तरीय शिक्षक भलिबल प्रतियोगिताको उपाधि मकवानपुरगढी गाउँपालिकास्थित शारदा माध्यमिक विद्यालयले जितेको छ । आइतबार हेटौंडा-४, हुप्रचौरस्थित भलिबल कोर्टमा भएको फाइनल खेलमा बकैया गाउँपालिकास्थित महेन्द्र माध्यमिक विद्यालयलाई ३-० को सोझो सेटले हराउँदै शारदा माविले उपाधि जितेको हो । शरदा माविले २५-१५, २५-२१ र २५-१९ को सोझो सेटमा नतीजा आफ्नो पक्षमा पारेको हो ।

प्रतियोगिताको उपाधि विजेता शारदा माविको टिमले २५ हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेको छ भने उपविजेता महेन्द्र माविको टिमले १५ हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेको छ। यस्तै, सेमिफाइनलमा पराजित भएका हेटौंडा-५ स्थित जीएस निकेतन र मकवानपुरगढी गाउँपालिकास्थित भानु माध्यमिक विद्यालयको टिमले ५/५ हजार रुपैयाँ नगदसहित मेडल तथा प्रमाणपत्र प्राप्त गरेको छ ।

प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी घोषित हुँदै शारदा माविको आशिष घलानले ३ हजार रुपैयाँ नगद पुरस्कार प्राप्त गरेका छन् । उत्कृष्ट स्पाइकर शारदाकै अमर गोले र उत्कृष्ट सेटर महेन्द्र माविका प्रकाश थापा मगरले २/२ हजार रुपैयाँ नगद पुरस्कार प्राप्त गरेका छन् । हेटौंडा उपमहानगरपालिका ४ नम्बर वडाको आयोजना, शैक्षिक गुणस्तर सुधार समितिको व्यवस्थापन तथा हेटौंडा-४ स्थित आधुनिक राष्ट्रिय माविको सहव्यवस्थापनमा सम्पन्न भएको प्रतियोगितामा २४ वटा विद्यालयको सहभागिता रहेको थियो ।

शैक्षिक गुणस्तर सुधार समितिका संयोजक श्रीराम दहालको अध्यक्षतामा तथा नेपाल कम्युनिष्ट पार्टी (नेकपा) एमालेका नेता रामेश्वर रानाको प्रमुख आतिथ्यमा पुरस्कार वितरण भएको हो । पुरस्कार वितरण समारोहमा ४ नम्बर वडाध्यक्ष नवीन सिग्देल, मकवानपुर जिल्ला खेलकुद विकास समितिका अध्यक्ष राजकुमार मुक्तान, आधुनिक राष्ट्रिय माविका प्रधानाध्यापक रामसागर गुरागाईं लगायतको उपस्थिति रहेको थियो ।

# बागमती गोल्डकपको फाइनल आज

**समाज संवाददाता**

हेटौंडाः मकवानपुरको बागमती गाउँपालिकामा जारी सातौं संस्करणको बागमती गोल्डकप फुटबल प्रतियोगिताको फाइनल खेल आज सोमबार हुने भएको छ । बागमती-४, झुरझुरेस्थित सहिद स्मृति रंगशालामा हुने फाइनल खेलमा उपाधिका लागि चर्चब्वाइज युनाइटेड क्लब र मछिन्द्र क्लबबीच प्रतिस्पर्धा हुनेछ ।

दुबै टिम उपाधि जित्ने लक्ष्यसहित मैदानमा उत्रनेछन् । गाउँपालिका खेलकुद विकास समितिको आयोजनामा शुक्रबार भएको पहिलो सेमिफाइनल खेलमा विभागीय टोली एपीएफलाई ३-२ गोलले हराउँदै चर्चब्वाइज प्रतियोगिताको फाइनलमा प्रवेश गरेको थियो भने शनिबार भएको दोस्रो सेमिफाइनल खेलमा थ्रीस्टार क्लबलाई ३-१ गोलले हराउँदै साविक विजेतासमेत रहेको मछिन्द्र फाइनलमा प्रवेश गरेको थियो ।

प्रतियोगिताको उपाधि विजेताले १० लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् भने उपविजेता टिमले ५ लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । यस्तै, प्रतियोगिताको सर्वोत्कृट खेलाडीलाई १ लाख १ हजार तथा विधागत उत्कृष्ट खेलाडीलाई जनही २५-२५ हजार रुपैयाँ प्रदान गरिने जनाइएको छ ।

# हस्ताक्षर अभियान सुरु




**समाज संवाददाता**

हेटौंडाः हेटौंडा अस्पताल बचाउ तथा सुधार अभियान २०८१ मकवानपुरले नागरिक हस्ताक्षर अभियान सुरु गरेको छ । हेटौंडा अस्पतालको ६६ वर्षदेखिको सेवा इतिहासलाई कायम राख्न माग गर्दै आइतबारबाट साताव्यापी हस्ताक्षर अभियान सुरु गरिएको हो ।

२०७६ साल असोज २ गते बागमती प्रदेशसभाबाट ऐन निर्माण गरी हेटौंडा अस्पतालको नाममा रहेको सरकारी सम्पत्ति मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई दिएको भन्दै त्यसको खारेजीको माग गरिएको छ। प्रतिष्ठानलाई पर्याप्त पूर्वाधारसहित कानुन संशोधन गरेर सञ्चालन गर्नुपर्ने अभियानका संयोजक विशालराज महतले जानकारी दिनुभयो ।

हेटौंडा अस्पताल र मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानबीच आइपर्ने समस्याको अन्त्य गर्न, दोहोरो स्वामित्व अन्त्य गर्न, सम्पत्ति र आम्दानी रकम हिनामिना हुने, आम जनताको स्वास्थ्यसम्बन्धी मौलिक हक कुण्ठित भई स्वास्थ्य सेवामा प्रतिकूल असर पर्ने खतराबाट मुक्त गर्न भन्दै हस्ताक्षर अभियान सुरु गरिएको उहाँको भनाइ छ । ४ विगाहा १४ कट्ठा जग्गाको स्वामित्वसहित ३ सय बेड स्वीकृत क्षमताको हेटौंडा अस्पताललाई शिक्षण अस्पतालको रुपमा प्रदेशकै महत्वपूर्ण अस्पताल बनाउन माग गरिएको छ ।

वेवारिसेको उपचार, ज्येष्ठ नागरिकको उपचार, गरिब, निमुखा, अल्पसंख्यक, लोपोन्मुख जातिलगायत सरकारद्वारा प्रदान गरिने दर्जनौं सेवा, सयौं निःशुल्क औषधि र परीक्षणलाई एक पलमा गुमाएर प्रतिष्ठानमा समर्पित हुने कुरा मकवानपुरबासीलाई स्वीकार्य नभएको बताइएको छ । अभियानका संयोजक महतले हेटौंडा अस्पताल पूर्णरुपमा सरकारी अस्पताल बनाउँदा बागमती प्रदेश सरकारका मुख्यमन्त्री बहादुर सिंह लामाको पद धारपमा पर्ने भएपछि अस्पतालको विषयमा कुनै सुनुवाई नगरिएको आरोप लगाउनुभयो। सरकार बाहिर रहँदा आवाज उठाएको कांग्रेसले अहिले सत्तामा रहँदा कुनै पनि आवाज नउठाएको आरोप लगाउनुभयो ।

२०७६ साल असोज २ गते प्रदेशसभाले संसदबाट कानुन पास गरी हेटौंडा अस्पतालको सम्पूर्ण चल/अचल सम्पत्ति मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानअन्तर्गत जाने व्यवस्था गरेपछि हेटौंडा अस्पताल बचाउ तथा सुधार अभियानले आन्दोलन गरिरहेको छ ।

# बुटवल मेयर कप स्नुकरमा सहभागी हुने खेलाडीको बिदाइ

**समाज संवाददाता**

हेटौंडाः प्रथम संस्करणको अल नेपाल बुटवल मेयर कप खुला स्नुकर प्रतियोगितामा सहभागी हुने खेलाडीको बिदाइ गरिएको छ। हेटौंडा-४ स्थित बुद्ध स्नुकर हाउसमा आइतबार एक कार्यक्रम गरेर प्रतियोगितामा सहभागी हुने खेलाडीको बिदाइ गरिएको हो ।

बुद्ध स्नुकर हाउसका सञ्चालक सञ्जु लामाको सभाध्यक्ष तथा हेटौंडा उपमहानगरपालिका नगर खेलकुद विकास समितिका अध्यक्ष रवीन्द्रप्रसाद घिमिरेको प्रमुख आतिथ्यमा खेलाडीको बिदाइ कार्यक्रम भएको हो। आज सोमबारबाट फागुन २४ गतेसम्म हुने मेयर कप स्नुकर प्रतियोगितामा हेटौंडाबाट ७ जना खेलाडीहरु सहभागी हुने बुद्ध स्नुकर हाउसका सञ्चालक पूर्णभक्त लामाले जानकारी दिनुभएको छ ।

प्रतियोगितामा सहभागी हुने खेलाडीहरुको प्रतिनिधित्व गरेर टिम प्रशिक्षकको रुपमा समेन्द्र लामा जानुहुने उहाँले बताउनुभयो । केही समयअघि हेटौंडामा सम्पन्न भएको मेयर कप स्नुकर प्रतियोगिताको उपाधि विजेता प्रयास कर्माचार्य, उपविजेता जिनेश श्रेष्ठ, तृतीय हुनु भएका मिथुन लामा, बिनय लामा, नितेश खण्डेवाल, सृजना कार्की र नवीन गुरुङ प्रतियोगितामा सहभागी हुनेछन् ।

**प्रतियोगिताको उपाधि विजेताले ३ लाख ३ हजार रुपैयाँसहित मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् भने उपविजेता टिमले एक लाख एक हजार रुपैयाँसहित मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । हाइएस्ट ब्रेकरले ५५ हजार रुपैयाँ तथा सेमिफाइनलिष्टले ३० हजार रुपैयाँ प्राप्त गर्नेछन् ।**

प्रतियोगिता बुटवलको सिंह कम्प्लेक्सस्थित खस्यौली स्नुकर क्लबमा हुने उहाँले बताउनुभयो । प्रतियोगितामा हेटौंडा उपमहानगरपालिकाका खेलाडीसहित करिब २ सय जनाको सहभागिता रहने उहाँले बताउनुभयो । बाहिरी जिल्लाबाट सहभागी हुने खेलाडीका लागि आयोजकले खाना र बासस्थानको व्यवस्था गरेको उहाँले बताउनुभयो ।

नेपाल बिलियार्डस् स्नुकर एण्ड पुल एसोसिएसन रुपन्देही र खस्यौली स्नुकर क्लबको संयुक्त आयोजनामा हुन लागेको प्रतियोगितामा सहभागी हुने सबै खेलाडीलाई नगर खेलकुद विकास समितिका अध्यक्ष घिमिरेले शुभकामना व्यक्त गर्नुभएको छ। उहाँले हेटौंडा उपमहानगरपालिकाले सञ्चालन गरेको मेयरकप स्नुकर प्रतियोगिताको निरन्तरतालाई प्राथमिकता दिने बताउनुभयो ।

प्रतियोगिताको उपाधि विजेताले ३ लाख ३ हजार रुपैयाँसहित मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् भने उपविजेता टिमले एक लाख एक हजार रुपैयाँसहित मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । हाइएस्ट ब्रेकरले ५५ हजार रुपैयाँ तथा सेमिफाइनलिष्टले ३० हजार रुपैयाँ प्राप्त गर्नेछन् । यस्तै, राइजिङ्ग स्टार र अनुशासनको पालना गर्ने खेलाडीले स्नुकर स्टिक प्राप्त गर्नेछन् ।

# नगरस्तरीय महिला शिक्षक भलिबल प्रतियोगिता हुने

**समाज संवाददाता**

हेटौंडाः नगरस्तरीय महिला शिक्षक मैत्रीपूर्ण भलिबल प्रतियोगिता हुने भएको छ । नगरस्तरीय शैक्षिक समन्वय समितिले प्रतियोगिता आयोजना गर्न लागेको हो ।

हेटौंडा-४ स्थित आधुनिक माध्यमिक विद्यालयको प्राङ्गणमा प्रतियोगिता हुनेछ। आउँदो फागुन १६ गते बिहान ८ बजेबाट खेल सुरु हुने बताइएको छ । प्रतियोगिताको उद्घाटन हेटौंडा उपमहानगरपालिकाका प्रमुख मीनाकुमारी लामाले गर्नुहुनेछ ।

हालसम्म ९ वटा विद्यालयले टिम दर्ता गरेको नगरस्तरीय शैक्षिक समन्वय समिति हेटौंडाका अध्यक्ष भोगेन्द्र लुईंटेलले जानकारी दिनुभयो। टिम दर्ता गर्न शुल्क नलाग्ने उहाँले बताउनुभयो । प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने टिमलाई क्रमशः ७ हजार, ५ हजार, ३ हजार नगदसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्रदान गरिनेछ ।

सामुदायिक रेडियो, रेडियो निकास ९३.४ मेगाहर्ज सुनौं र सुनाऔं
रेडियो निकास ९३.४
The Voice of Community

# गण्डकी समाजको तेस्रो वार्षिकोत्सव सम्पन्न

**समाज संवाददाता**

हेटौंडाः गण्डकी समाज मकवानपुरको तेस्रो वार्षिकोत्सव सम्पन्न भएको छ । शनिबार समाजले वनभोज कार्यक्रम आयोजना गर्दै वार्षिक उत्सव सम्पन्न गरेको समाजका महासचिव गोपीराम बन्जाराले जानकारी दिनुभयो ।

समाजले आफ्नो वार्षिक उत्सवको अवसरमा समाजमा उत्कृष्ट योगदान पुर्‍याउने दुई जना र जेष्ठ नागरिक दुई जनालाई सम्मान गरेको छ । समाजले मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष प्रमोदसिंह राना भाट र बागमती प्रदेश क्रिकेट संघका उपाध्यक्ष प्रेमबहादुर क्षेत्रीलाई प्रमाणपत्रसहित सम्मान गरेको छ। यस्तै, जेष्ठ नागरिकहरुमा हेटौंडा-५ का कलाधर तिमल्सिना र डिलबहादुर गुरुङलाई नगद र प्रमाणपत्रसहित सम्मान गरेको महासचिव बन्जाराले जानकारी दिनुभयो ।

कार्यक्रममा गण्डकी समाजका अध्यक्ष बुद्धिबहादुर ढकालको सभाध्यक्षता तथा कृषि तथा पशुपन्क्षी विकास मन्त्रालयका सचिव विनोद भट्टराईको प्रमुख आतिथ्य रहेको थियो । कार्यक्रममा प्रहरी नायब निरीक्षक श्यामु अर्याल, कर अधिकृत कमल अर्याल, डिडिसीका प्रमुख अन्जना अधिकारी, हेटौंडा उपमहानगरपालिकाका सामाजिक विकास महाशाखा प्रमुख विष्णुकुमारी लामिछानेलगायतको आतिथ्य रहेको थियो । समाजमा अहिले एक हजार २ सय जना सदस्य रहनुभएको छ भने ५० जना आजीवन सदस्य रहनुभएको छ ।


## शिक्षक आवश्यकता

*(सूचना प्रकाशित मितिः २०८१/११/१२)*

यस श्री शान्ति बहिरा तथा सुस्त श्रवन आधारभूत विद्यालयका लागि शिक्षा विकास महाशाखा हेटौंडा मकवानपुरको च.नं. ५४९ मिति २०८१/१०/२७ को प्राप्त पदपूर्ति अनुमति पत्र तथा यस विद्यालयको विद्यालय व्यवस्थापन समितिको मिति २०८१/११/९ गतेको बैठकको निर्णयअनुसार यस विद्यालयमा रिक्त रहेको प्राथमिक तहको दरबन्दीमा १ (एक) जना शिक्षक आवश्यकता रहेको हुँदा इच्छुक योग्य नेपाली नागरिकबाट दरखास्त आव्हान गरिन्छ ।

**१. विज्ञापन नं. : ०१/०८१/८२**
२. तह : प्राथमिक
३. उमेर : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।
४. शैक्षिक योग्यता : शिक्षा सेवा आयोगले तोके बमोजिम । (माथिल्लो योग्यतालाई प्राथमिकता)
५. सेवा सुविधाः नेपाल सरकारको नियमानुसार ।
**६. आवश्यक कागजातहरुः**
- फोटोसहितको हस्तलिखित निवेदन ।
- नेपाली नागरिकताको प्रतिलिपी २ प्रति ।
- शैक्षिक प्रमाणपत्रको प्रतिलिपी २ प्रति ।
- स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपी २ प्रति ।
- सांकेतिक भाषा तालिमको प्रमाणपत्रको प्रतिलिपी २ प्रति ।

७. दरखास्त दस्तुरः रु. १,०००।– (एक हजार)
८. छनौटको किसिम : शिक्षा सेवा आयोगको पाठ्यक्रम अनुसार ।
९. सम्पर्क मितिः २०८१/११/२६ गते विद्यालयक समय भित्र ।

(**नोट**:- सांकेतिक भाषा भएको माथिल्लो योग्यतालाई विशेष प्राथमिकता दिइनेछ ।)
सम्पर्क नम्बरः ९८४५५९८९६०

**श्री शान्ति बहिरा तथा सुस्त श्रवण आवासीय आधारभूत विद्यालय**
**हेटौंडा–६, गौरीटार**


# लागूऔषधसहित प्रेम र निकिता पक्राउ

**समाज संवाददाता**

हेटौंडा : ठूलो परिमाणमा लागूऔषधसहित भक्तपुर जिल्लाको चाँगुनारायण नगरपालिका-८ का २६ वर्षीय प्रेमप्रसाद दाहाल र २२ वर्षीय निकिता पुडासैनीलाई मकवानपुर प्रहरीले हेटौंडाबाट पक्राउ गरेको छ । शनिबार बिहान ९:१५ बजेको समयमा हेटौंडा-१५, रातोमाटेस्थित प्रहरी चेकपोष्टबाट उनीहरुलाई एक हजार एक सय ८९ ट्याब्लेट लागूऔषध नाइट्रोभेटसहित पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

ना ६४ प ३१७६ नम्बरको स्कुटरमा प्रेम र निकिता बीरगन्जबाट काठमाडौंतर्फ जाँदै थिए । उनीहरुलाई रोकेर सुरक्षाजाँच गर्ने क्रममा प्रहरीले लागूऔषध बरामद गरेको हो । प्रहरीले मकवानपुर जिल्ला अदालतबाट ७ दिनको म्याद थप गरी हिरासतमै राखेर अनुसन्धान गरिरहेको जनाएको छ। मकवानपुरका प्रहरी प्रवक्ता प्रहरी नायव उपरीक्षक श्यामु शर्माका अनुसार प्रेम र निकिताको अघिल्लो आपराधिक घटनामा संलग्नता देखिएको छैन। उनीहरु लागूऔषध प्रयोगकर्ता हुनुका साथै लागूऔषधको कारोबार नै गर्ने गरी यति ठूलो परिमाणमा तस्करीको प्रयास गरिएको देखिएको प्रवक्ता अर्यालले बताउनुभयो ।

छिमेकी मुलुक भारतको सीमा क्षेत्र रक्सौलबाट लागूऔषध प्रयोगकर्ता तथा कारोबारीले लागूऔषध तस्करी गर्ने गरेका छन्। रक्सौलबाट हेटौंडा हुँदै राजधानी काठमाडौंसहित देशका प्रमुख सहरमा लागूऔषध तस्करी गर्ने गरेका छन् ।


## हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

**हेटौंडा रिफरेन्स ल्यावरोटरी**
हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७